## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**छिन्नमस्ता गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः.१० मितिः २०७९/११/०२

**भाग-२**

**छिन्नमस्ता गाउँपालिका**

# पशुपन्क्षी पालन समूह/समिति दर्ता तथा नवीकरण कार्यविधि-२०७९

आज्ञाले,

ललन कुमार यादव

प्रमुख प्रशासकीय अधिकृत

छिन्नमस्ता गाउँपालिका,सप्तरी

स्थानीय राजपत्र

कार्यपालिकाको निर्णय : २०७९/११/०२

प्रमाणीकरण मिति :२०७९/११/०२ गते

प्रकाशन मिति : २०७९/११/०२

## पशुपंक्षी पालन समूह/समिति दर्ता तथा नविकरण (कार्यविधि २०७९)

प्रस्तावनाः यस छिन्नमस्ता गाँउपालिका क्षेत्र भित्रका कृषकहरुको समुह/समिति परिचालन गर्न क्रियाशिल बनाउन सरकारी, गैरसरकारी/संघ संस्थाको कार्यक्रम संचालन समूह/समिति अद्यावधिक गर्न निश्चित किसिमका पशुपंक्षी (गाई/भैंसी, भेडा, बाख्रा, बंगुर/कुखुरा, हाँस, ब्रोइलर, लेयर्स, माछा आदि) पालन गरेको उत्पादन उद्देश्य (दुध, अण्डा, उन) लागि समूह/समिति गठन गरी उक्त समूह/समिति दर्ताका लागि यो समूह/समिति दर्ता तथा नविकरण कार्यविधि २०७९ तयार गरिएको छ ।

(क) संक्षिप्त नाम र प्रारम्भः

१. यस कार्यविधिको नाम "समूह/समिति फर्म दर्ता तथा नविकरण कार्यविधि २०७९" रहनेछ।

२. यो समूह/समिति दर्ता नविकरण कार्यविधि २०७९ कार्य पालिकाको स्वीकृत मिति देखि तत्काल लागु हुनेछ ।

(ख) परिभाषाः समूह समिति दर्ता नविकरण कार्यविधि २०७९ अर्को अर्थ नलागेका निम्न अनुसार पारिभाषित गरिएको छ ।

१. समूहः निश्चित पशुपालन (गाई, भैंसी, भेडा, बाख्रा, बंगुर, कुखुरा, हाँस, माछा आदि) निश्चित उत्पादन उद्देश्य ( मासु, दुध, अण्डा, उन) का लागि नगर क्षेत्रका गाउँ/टोल वडा भित्रका महिला/पुरुष वा मिश्रित रुपमा भेला भइ छलफल गरी समूह निर्माण गठन भएको जमात समूह मानिनेछ ।

२. समितिः गाउँ/वडा तथा गाउँपालिका क्षेत्र भित्रका विभिन्न समूहहरु सहभागि समन्वय गराइ गठन गरी बनाइकालाई समिति मानिनेछ ।

३. समूह/समिति गठनः वडा, गाउँ, टोलका कृषकहरु भेला भइ समूह/समिति संचालन, कार्यन्वयन सक्रियताका लागि पदाधिकारीहरुको छनौट गरी समूह/समिति गटन गर्न सक्नेछन् ।

(ग) समूह गठन प्रक्रिया पदावधि तथा क्रियाकलापः देहाय बमोजिम समूह गठन प्रक्रिया, पदावधि र क्रियाकलाप हुनेछन ।

१. निश्चित किसिमका पशु/पंक्षी पालनका लागि आफनो गाउँ/टोल वडाका कृषकहरु भेला भई छलफल चलाई समूह गठन गर्न सकिनेछ ।

२. समूह निर्माण गर्दा पायक पर्ने, विचार उद्देश्य मिल्ने सम्भव भए सम्म नजिकका कृषकहरु वीच समूह गठन गर्न सकिने छ ।

३. एक समूहमा १५ देखि २५ जना सम्मको सहभागी सदस्यहरु राख्न सकिनेछ ।

४. समूह बनाउदा सम्भाव भएसम्म समानुपातिक किसिमको, दलित, जानजाति, महिला, पुरुषहरुको समूह निर्माण

५. यस्ता समूह बनाउँदा/महिला/पुरुष/मिश्रित पनि बनाउन सकिन्छ ।

६. समूह निर्माण गर्दा कृषकहरु आफै स्वतः स्फुर्त ढंगले वा गैर सरकारी/सरकारी संघ संस्थाको सहयोगमा निर्माण गर्न सकिनेछ ।

७. समूह निर्माण गर्दा विधि अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र अन्य सदस्यहरु हुने गरी समूह गठन गर्न सकिन्छ । कम सहभागी सदस्य संख्या भएको समूहमा उपाध्यक्ष राख्न आवश्यक हुने छैन ।

(घ) समूह/संचालन विधि प्रक्रिया:-

१. समूह निर्माण पश्चत प्रत्येक महिनाको निश्चित गरिएको मिति स्थानमा नियामित बैठक संचालन गर्नु पर्नेछ ।

२. नियमित बैठकको दिन उक्त महिनामा पशु पालन सम्बन्धि क्रियाकलापको बारेमा छलफल चलाउनु पर्नेछ । उक्त छलफलको प्रस्ताव निर्णय, निष्कर्ष अनिवार्य रुपमा छलफल भएका विषय निर्णय पुस्तिकामा लेखन गरिनेछ ।

३. प्रत्येक सदस्यहरु तोकिएको रकम हितकोष वापत रकम अनिवार्य रुपमा जम्मा गर्नु पर्नेछ । उक्त रकम पायक पर्ने बैंक/सहकारीमा खाता खोली जम्मा गर्नु पर्नेछ । खाता संचालन गर्दा समूह अध्यक्ष, सचिव रकोषाध्यक्षको संयुक्त दस्तखतमा बचत खाता खोली संचालन गर्नु पर्नेछ।

४. उक्त हितकोषको रकम विशुद्ध रुपमा पशुपालन कार्यका लागि सामूहिक/व्यक्तिगत ऋृण सहयोग रुपमा लगानी गर्न सकिनेछ । उक्त रकमलाई निश्चित गरिएको न्यून व्याजदरमा लगानी गर्नुपर्नेछ । उक्त रकमका व्याज, साँवा तोकिएको समयमा बुझाउनु पर्नेछ । अन्यथा समूहले हार्जना तोकी व्याज, साँवा असुल गर्न सक्नेछ ।

५. समूहले आफूले पालेको पशुहरुको अभिलेख राख्नु पर्नेछ । उक्त अभिलेख स्थानिय तह सम्बन्धित शाखा सरोकारवाला संघसंस्थामा फोम दर्ता बखत र नविकरण गर्दा बखत बुझाउनु पर्नेछ ।

६. पशुधन जोखिम न्यूनिकरणका लागि पशु विमा गर्नु पर्नेछ ।

७. समूहको संक्षिप्त विधान तयार गर्नुपर्नेछ । उक्त विधान संम्बन्धित निकाय सरोकारवाला संघसंस्थामा पेश गर्नु पर्नेछ ।

८. समूहको पदाधिकारीको कार्यअवधि २ वर्षको हुनेछ । उक्त कार्यअवधि पछि पुनः अर्को पदाधिकारी विधिपूर्वक छनौट गर्नुपर्नेछ । कुनै पदाधिकारी, निस्किय भएमा जिम्मेवारीबाट बंचिल हुन चाहेमा/बंचित गर्नु पर्ने भएमा छलफल गरी नियमानुसार उक्त पदबाट वा

समूहबाट बंचित गर्न सकिनेछ । अथवा कुनै पदाधिकारी गैर जिम्मेवारीपूर्ण, आचरण विपरित समूह समिति विपरित कार्य गरेमा समुह विधानमा व्यवस्था भएको आधारमा उक्त समूह/पदबाट हटाउनसकिने छ ।

(ङ) समूहका पदाधिकारीहरुको जिम्मेवारी दायित्व कर्तव्य देहाय बमोजिम हुनेछ ।

१. अध्यक्ष: अध्यक्षता ग्रहण गर्ने बैठक संचालन गर्ने  र छलफलका लागि आह्वान गर्न निर्णय लिने । कोषको जिम्मेवारी लिन समन्वय गर्ने ।

२. उपाध्यक्ष: अध्यक्ष नभएमा अध्यक्ष जिम्मेवारी उपाध्यक्षले गर्ने ।

३. सचिव: समूहको निर्णयमा सहयोग पुऱ्याउने अभिलेख राख्ने । अन्य लेखन कार्य गर्न ।

४. कोषाध्यक्ष: कोषको सम्पूर्ण काम गर्ने ।

५. सदस्यहरु: छलफलमा सहभागी हुने आवश्यक निर्णय विचार, मत जाहेर गर्ने ।

(च) समूह/समिति दर्ता प्रक्रिँया:- समूह/समिति गठन प्रक्रिया गाउँपालिका पशु सेवा शाखामा दर्ता गर्नुपर्नेछ । समूह/ दर्ताका लागि निम्न प्रक्रिया अपनाउनु पर्नेछ ।

(क) समूह/समिति विधान तयार गरी पेश गर्नुपर्नेछ ।

(ख) समूहको हितकोष विवरण (जम्मा रकम, लगानी रकम, मौज्दात, नगद आदि) खाता संचालनको विवरण, वित्तिय संस्थाको नाम आदि उल्लेख गर्नुपर्नेछ ।

(ग) पशुको तथ्याङक विवरण पेश गर्नुपर्नेछ ।

(घ)समूह/समितिको निर्णय प्रतिलिपि

(ङ) सम्बन्धित वडाको सिफारिस पत्र

(च) समूह/समिति दर्ताका लागि गाउँपालिकाले तोकेको राजश्व दस्तुर बुझाएको रसिद

(छ) तोकिएको ढाँचाको निवेदन दरखास्तमा समुह/समितिले तयार पारेको प्रमाणीत छाप सहित पेश गर्नु पर्नेछ ।

(ज) समूहको पदाधिकारी भेलाको फोटो आदि

(झ) समूह नविकरण: संचालित समूह नविकरण नियमित रुपमा गर्नुपर्नेछ । समूहको सम्बन्धित कागजात र समूहको निर्णय प्रतिलिपी तोकिएको ढाँचाको दरखास्त फाराम सहित गाउँपालिका पशु सेवा शाखामा सम्पर्क राख्ने ।

(ञ) समुहको सधारण सभाको निणर्य र पदाधिकारी भेलाको फोटो आदि ।

(ट) समुहको नविकरण १ वर्षमा गरिने छ ।

(ठ) समुहको नविकरण १ वर्ष  देखी ३ वर्ष सम्मको गाउँपालिकाले तोकिएको जरीमाना लिई नविकरण गरिने छ ।

(ड) समुहको ३ वर्ष पछिका नविकरण गर्न बधय छैन ।

(ढ) समुहको समयमा नविकरण नगराइएकोहरुलाई १ वर्ष पछि २ वर्ष सम्मा रु ५००। २ वर्ष देखी ३ वर्ष सम्मकालाई रु.१०००। जरिमान लिई नविकरण गरिने छ ।

१. सम्बन्धित वडाको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२. समूहको विवरण (दलित/जनजाति/अन्य विवरण/हितकोष विवरण), पशुको तथ्याङक पेश गर्नु पर्नेछ ।

३. वार्षिक आर्थिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ज) दर्ता अभिलेख : यस कार्यविधि अनुसार दर्ता हुन आएका पशुपंक्षी पालन समुह/समिति दर्ता तथा नविकरणको अभिलेख छिन्नमस्ता गाउँपालिका पशु सेवा शाखाले निश्चित ढाँचामा राख्नुपर्ने छ ।

समुह दर्ताको लागी निवेदन

श्रीमान संयोजकज्यू ।
छिन्नमस्ता गाउँपालिका
पशु सेवा शाखा, सप्तरी ।

मितिः......................

विषयः- समुह दर्ता गरी पाउँ ।

सेवामा नम्र निवेदन यो छ कि हामिहरु आफै संगठित भई .................................. गा.पा.मा गठन भएको हाम्रो समुह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी नेपाली नागरीकताको प्रतिलिपी सहित यो निवेदन गरिएको छ ।

..................................................
समुह अध्यक्षको दस्तखत
नाम :
मिति :

श्रीमान संयोजकज्यू ,

मितिः...................................................

छिन्नमस्ता गाउँपालिका

पशु सेवा शाखा, सप्तरी ।

विषयः- समुह नविकरण गरी पाउँ ।

सेवामा नम्र निवेदन यो छ कि विगत ............... सालमा समूह/समिति दर्ता गरी हाल सम्म छिन्नमस्ता गाउँपालिका वडा नं. ........... टोल............................................... मा समूह/समिति क्रियाशिल भई संचालन भई रहेकाले समूह/समितिको तपसिलका विवरण यसै साथ संलग्न गरी नियमानुसार समूह/समिति नविकरण गरी पाउँ भनि यो निवेदन पेश गरेको छौं ।

तपसिल

१. सम्बन्धित वडाको सिफारिस पत्र
२. पशुपंक्षीको तथ्याङ्क विवरण
३. समूह/समितिको विवरण
४. हितकोष विवरण
५. पशुपंक्षी उत्पादन अभिलेख
६. समूह/समितिको निर्णय प्रतिलिपी
७. अन्य कागजातहरु

निवेदक,

समूह/समितिको नामः...............................

दस्तखत :

अध्यक्षः................................................

सचिवः.......................................................

कोषाध्यक्षः..................................................

ठेगानाः.......................................................

सम्पर्क नं.....................................................